# मिथ्या दृष्टि र अन्धविश्वास रहित जीवन एक महान आवश्यकता



लेखक
भिक्षु शाक्यानन्द
आनन्द बिहार, तानसेन पाल्पा

Downloaded from http://www.dhamma.digital

बु. सं. २५१४ वि. सं. २०२७
शाक्य सं. १८६२ ने. सं. १०९०
इसवी सं. १९७०

अनुवादक तथा रूपान्तरकार
जगत बहादुर जोशी

प्रकाशक
सानुकाजी नीलकाजी शाक्य
पाल्पा, तानसेन भीमसेन टोल

मुद्रक
तिलक प्रेस, तानसेन - टक्सार

प्रथम संस्करण १०००

Downloaded from http://www.dhamma.digital

# आमालाई दुई फूल

" अत्तदीपा विहरथ अत्तसरणा " "अर्थात् आफ्नो लागि आफुनै प्रकाश बन, आफ्नै शरणमा जाऊ" भनी भगवान बुद्धले आनन्दलाई भन्नु भएको थियो । पराश्रित भएर अन्धविश्वास र अन्ध परम्परामा भौंतारिएर दुःख पाइरहेका समाजका प्रत्येक क्षेत्रका प्रत्येक तहका मानिसलाई यो उपदेश प्रकाश स्तम्भनै मान्नु पर्छ ।

यसै बखत प्राणीमात्रको कल्याणको लागि अनुकम्पा राखी भिक्षु शाक्यानन्दले यो पुस्तिका लेख्नु भएकोमा हामी दुबै भाई कृतकृत्य छौं । अन्धकारमा रोमलिएका मानिसहरूले आफ्नै बुद्धि र विवेकको सदुपयोग गरी आफु भित्र रहेको अनन्त ज्योति र अनन्त शक्ति प्राप्तगर्न सकोस् र मानिसलाई त्यस दिशामा पाइला सार्न प्रेरित गर्न सकोस् भन्ने हेतुले आमा ! यो पुस्तिका प्रकाशित गरी तपाईंमा समर्पित गरेकाछौं। जुन आमाले आफ्नै मुटु, रगत र मासु चोइटाएर हामीलाई सिर्जना गर्नु भयो, जुन आमाको प्रतापले दुई आँखा पायौं र आखाँले संसारलाई हेर्ने दृष्टि पायो; जुन आमाको स्नेह, करूणा दया र क्षमाको शितल छहारी पाएर धरतीमा दुई खुट्टाले टेकेर उभिन समर्थ भयौं त्यस्ती आमाको दूधको भारा हामी कति जन्ममा तिर्न सकौंला भन्न सकिंदैन् । अरू केही गर्न नसके पनि आमा ! श्रद्धाका दुई फूलसरि यो पुस्तिका प्रकाशित गरी चढाएका छौं स्वीकार गरि दिनुहोस् ।

*चीर ऋणी पुत्रहरू*

**सानुकाजी शाक्य र नीलकाजी शाक्य**

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

भगवान बुद्धले मातृऋणबाट मुक्तहुनलाई देवलोकमा जानु भएर १ वर्ष बर्षावास वस्नुभयो । तहाँ आफ्नो आमा. महामाया देवीलाई ७ अभिधर्मका कुराहरू सुनाएर आमालाई श्रोतापत्ति मार्गमा अग्रसारित गराएर भगवान बुद्ध मातृऋणबाट मुक्त हुनु भएको थियो ।

सारिपुत्र भन्तेले मातृऋणबाट मुक्तहुनलाई राजगृह नगरको नालक गाउँमा आफु जन्मेको कोठामा समाधि गर्नु भएको थियो । त्यस बेला प्रथम प्रहरमा सारिपुत्र भन्ते को दर्शन गर्न चतुर महाराजहरू आए । द्वितीय प्रहरमा देवराज इन्द्र दर्शन गर्न आए । तृतीय प्रहरमा महा ब्रह्माहरू दर्शन गर्न आए । देव देवताहरूले सारिपुत्रको दर्शन गर्न आएको देखेर उनकी ब्राह्मणी आमा सारी छक्क परिन् । सारीले प्रश्न गरिन प्रथम, द्वितीय र तृतीय प्रहरमा आउने को को हुन् ?

सारिपुत्र – प्रथम प्रहरमा आउने चतुर महाराजाहरू हुन, द्वितीय प्रहरमा आउने देवराज इन्द्र हुन् र तृतीय प्रहरमा आउने महाब्रह्माहरू हुन् ।

सारी – त, भन्ते ! के तपाई चतुरमहाराजहरू देवराज इन्द्र तथा महाब्रह्माहरू भन्दा ठूलो हुनु हुन्छ त ?

सारिपुत्र – आमा ! तपाई आफैले प्रत्यक्ष देख्नु भयो देव

Downloaded from http://www.dhamma.digital

ब्रह्माहरू आएर म सित क्षमा मागेर मेरो वन्दना गरेर सेवा गरेर गए ।

सारी – तपाईंमानै यत्रो पुरूषार्थ छ भने तपाईंका गुरू बुद्धमा झन् कत्रो पुरूषार्थ होला ? त्यसैले भन्ते ! श्रद्धा राखेर आएकी आमालाई पनि उद्धार गर्नुहोस् ।

सारिपुत्र भन्तेले धर्म उपदेश दिनुभयो । दुःख, सत्य, समुदय सत्य, निरोध सत्य, मार्ग सत्य अष्टाङ्गिक मार्गको उपदेश दिनु भएर आफ्नी आमालाई श्रोतापत्ति मार्गमा हिंडन लगाएर मातृ ऋणबाट मुक्त भए पछि मात्र सारिपुत्र भन्तेले निर्वाण प्राप्त गर्नुभयो ।

यस्ता अनन्त गुण र महिमाले सम्पन्न भएकी आमाको भारा तिर्न प्रकाशक दुई बन्धुले गर्नु भएको कार्य सराहनीय तथा अनुकरणीय छ ।

– लेखक

Downloaded from http://www.dhamma.digital

*नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स*

# मिथ्या दृष्टि र अन्ध विश्वास रहित जीवन एक महान आवश्यकता

## थेर वादि धर्म

२५१४ वर्ष अगाड़ि गौतम बुद्धले प्रचार गर्नु भएको धर्मको नाउँ थेर वादी धर्म कहलाइन्छ । गौतम बुद्धको निर्वाण पछि अजातशत्रुका पालामा राजगृह नगरमा प्रथम संगायन भयो त्यो संगायन पनि थेर वादिनै थियो । गौतम बुद्धको निर्वाण भएको१०० । वर्ष पछि कालाशोक राजाका पालामा बैशालीमा दोश्रो संगायन भयो त्यो पनि थेर वादि संगायननै थियो । गौतम बुद्धको निर्वाण भएको २५०। वर्ष पछि महाराज अशोकका पालामा पटनामा तेश्रो संगायन भयो त्यो पनि थेर वादीनै थियो । अशोक महाराजले नौ देशहरूमा धर्म प्रचार गराउन पठाउनु भएको थियो । आफ्नै पुत्र महेन्द्र र पुत्री संघमित्राहरू लाई धर्म प्रचारगर्न लङ्का पठाउनु भयो । सोन र

Downloaded from http://www.dhamma.digital

उत्तर दुईजनालाई बर्मा पठाउनु भयो,। काश्यप र महादेव लाई उत्तर तिर पठाउनु भयो। एवं प्रकारले अशोक ले नौ देशहरूमा यही थेरवादी धर्म प्रचार गर्न पठाउनु भएको थियो।

दोश्रो संगायन पछि भिक्षुहरू दुई भागमा विभक्त भए
(१) महा सांघिक र
(२) थेरवादि।

गौतम बुद्धलाई विकृत बौद्ध धर्मले जनताको मस्तिष्कलाई भ्रमित न गरोस भनेर सदैव सतर्क रहनु पर्दथ्यो। वहाँको जीवन कालमा ब्राम्हण भिक्षुहरूले पालि भाषाको त्रिपिटकलाई संस्कृत भाषामा अनुवाद गर्न गौतम बुद्ध सित प्रार्थना गरेका थिए। तर भगवानले यसको लागि आज्ञा दिनु भएन; अपितु विनय नियम बनाइ दिनु भयो। जसमा यस्तो वाक्य उल्लेख गरिएको छ, "मेरो वचनको उलङ्घन गरेर मूल पालि भाषा लाई बिगारेर संस्कृत भाषामा कुनै भिक्षुले उल्टा गर्‍यो भने "दुक्कट (दुष्कृट) आपत्ति" आइ लाग्ने छ।" तर सर्वास्ति वादिहरूले बुद्धवचनको उलङ्घन गरेर पालि त्रिपिटकलाई संस्कृत भाषामा अनुवाद गरेर आफ्नो वादको प्रभुत्व जमाए। अशोक महाराजको शेष पछि साँची तथा मथुराका थेरवादीहरूले सर्वास्तिवादि मत ग्रहण गरे। थेरवादी प्रति सर्वास्तिवादीहरूको आपसी विरोध झन् झन् चर्कँदै गयो। अन्तमा पेशावरका राजा कनिष्क स्वयंले सर्वास्तिवादी धर्ममा श्रद्धा राख्न थाले।

Downloaded from http://www.dhamma.digital

त्यही प्रवाहमा बसुमित्र, असंग, बसुबन्धु, अश्वघोष आदि सर्वास्तिवादी भिक्षुहरूको जन्म भयो । उनीहरूका बीचमा पनि मतमतान्तर भयो । बसुमित्र र अश्वघोषले काश्मीरमा बौद्ध सभा गराए । अश्वघोषले बुद्धधर्मलाई ३ भागमा विभक्त गरेः- (१) श्रावक यान (२) प्रत्येक यान र (३) महायान । श्रावक र प्रत्येक यानलाई त्यागेर अश्वघोषले महायानमा विशेष जोड दिए । "वैभाषिक" नामक ग्रन्थ लेखे । बसुबन्धुले "अभिधर्म कोष" लेखे । त्यस पछि दक्षिणका तामिलनाडू (पहिलेको नाम मद्रास) निवासी नागार्जुनले माध्यमिक शून्य-वादको प्रतिपादन गरेर अष्ट सहस्रीका, सप्त सहस्रीका, प्रज्ञा पारमिता आदि ग्रन्थ लेखे । एवं प्रकारले, १८/ प्रकारका बौद्ध मत देखा परे ।

बिक्रम सम्वत् आरम्भ हुनु भन्दा ७४ वर्ष अघि कनिष्क राजाको सहयोग अश्वघोषलाई प्राप्त भएकोले त्यसबेला महायान मतको निकै प्रचार भयो । दक्षिणमा राजा सालिवाहनका पालामा नागार्जुनको माध्यमिक शून्यवादको प्रभाव श्री पर्वत, हैदराबाद, औरङ्गाबाद, दौलताबाद इलौरा, अजन्ता (शैल) पर्वत सम्म फैलिएको थियो । यही कालमा अनेक देव देवताहरूका मूर्तिहरूको प्रचलन हुन थाल्यो र विभिन्न मत मतान्तरहरू देखापऱ्यो यही महायान भित्र तान्त्रिक, बज्रयान, तन्त्र मन्त्र; ८४ । सिद्धहरूको सिर्जना भयो । यसै भित्र कण्हापाहरू को पनि सिर्जना भयो । कण्हापा मध्ये

Downloaded from http://www.dhamma.digital

न्द्रनाथकै अर्को नाऊँ हो । यही मत्सेन्द्र नाथका चेला गोरख नाथ थिए । गोरखनाथले भैरवी चक्र लाई प्रचलनमा ल्याए । यो भैरवी चक्र बौद्ध धर्मसित उनिंदै बुनिंदै गएको कुरा हर्षवर्द्धनका पालाका कुराहरूबाट प्रमाणित हुन थाल्दछ । त्यसबेला नालन्दा विश्व विद्यालयमा मञ्जुश्री, मूलकल्प तथा गुह्य समाज जस्ता ग्रन्थहरू बाट शिक्षा दीक्षा दिइन्थ्यो । मञ्जुश्री र; मूलकल्पमा तन्त्रका विषयहरूको चर्चा छ भने गुह्य समाज'मा भैरवी चक्रको चर्चा गरिएको छ ।

[स्मरण रहोस् - भैरवी चक्र अनुसार रक्सी, जाँड़ मासु, आइमाई आदि पञ्चमकार अनिवार्य अङ्ग मानिन्छ] यसै काल मा प्रचलित भएको 'सद्धर्म पुण्डरिक' नामक ग्रन्थमा 'सारिपुत्र मौगल्यायण जस्ता निर्वाण भैसकेका भिक्षुहरूलाई बोधिसत्व ठह-र्याएर भविष्यमा वहाँहरू बुद्धका रूपमा प्रकट हुनेछन्' भनी भनिएको छ । त्रिपिटक संग यस कुराको विल्कुलै मेल खाँदैन ।

अब वज्रयानीहरूको मतविचार र व्यवहार प्रतिसंक्षिप्त दृष्टि दिऊँ । बज्रयानीहरू आफ्ना भए भरको श्रीसम्पत्ति त्याग गरेर श्मशानमा बस्दछन; हाड कङ्कालका वस्त्र लगाउँछन्; मानिसका करङको हतियारले मासु काटी मानिसको खप्परमा राखी खान्छन् । धातुका नाममा कुनै वस्तु ग्रहण गर्नु उनीहरू का मतअनुसार निषेधछ । त्यसैले रक्सी खान परे पनि उनीहरू खप्परमै राखी पिउने गर्दछन् ।

Downloaded from http://www.dhamma.digital

तान्त्रिक मतमा प्रतिपादित पञ्च म कारका वास्तविक अर्थ के हुन् ? यस प्रति मानिसहरूले के धारणा लिने गरेका छन् । नेपालमा पञ्च म कारको व्यवहार बिल्कुलै उल्टा अर्थमा लिने गरेको देखिन्छ । 'मद्य'[१] को अर्थ रक्सी वा मदिरालाई लिइएको होइन । समाधि अवस्थाको अमृत रसलाई मद्य भनिएको हो । 'मांस'[२] को अर्थ मासु होइन । पाप धर्म रूपी पशुलाई ज्ञानरूपी खडगले छेदन गरेर चित्तलाई परमार्थमा लगाउनुलाई नै यहाँ 'मंस' भनिएको हो । 'मीन'[३] को अर्थ माछालाई लिइएको छैन । वायु योग गरेर श्वास प्रश्वासलाई आफ्नो वशमा गर्ने कार्यलाई यहाँ 'मीन' भनिएको छ । मुद्रा'[४] को अर्थ आलिङ्गन होइन; कुसङ्गत छाडेर सत्सङ्गत गर्नुलाई 'मुद्रा' भनिएको छ । 'मैथुन'[५] को अर्थ स्त्री मैथुन 'होइन; सुषुम्ना नाडीसित प्राणपुरूषको समागम गरेर ध्यानगर्नु लाई 'मैथुन' भनिएको हो । यस प्रकारले नेपालका मानिसहरू मिथ्या दृष्टिको जालमा अल्झेको देखिन्छन ।

अब सम्यक् सम्बुद्ध बारे विकृतरूप र विकृत धारणा कुन रूपमा व्याप्त छ भन्ने विषयमा संक्षिप्त दृष्टि दिउँ ।

संसारमा सम्यक् सम्बुद्ध तीन प्रकारका छन् ।

(१) प्रज्ञाधिक बुद्ध (२) वीर्याधिक बुद्ध र (३) श्रद्धाधिक बुद्ध ।

Downloaded from http://www.dhamma.digital

प्रज्ञाधिक बुद्धः – ४ * असंख्य १ लाख कल्प भित्रमा पारमिता पूरा गरेपछि हुने बुद्धलाई प्रज्ञाधिक बुद्ध भनिएको छ ।

वीर्याधिक बुद्ध – ८ असंख्य १ लाख कल्प भित्रमा पारमिता पूरा गरे पछि हुने बुद्धलाई वीर्याधिक बुद्ध भनिएको छ ।

श्रद्धाधिक बुद्धः – १६ असंख्य १ लाख कल्प भित्रमा पारमिता पूरा गरे पछि हुने बुद्धलाई श्रद्धाधिक बुद्ध भनिएको छ ।

पारमिता ३ श्रेणी छन् । प्रथम श्रेणीमा दश पारमिता, द्वितीय श्रेणीमा दश उपपारमिता तथा तृतीय श्रेणीमा दश परमत्थ पारमिता मानिएको छ । प्रत्येक पारमिताका दश अङ्ग भएकोले प्रत्येक श्रेणीका पारमिता संग 'दश' 'दश' भन्ने शद्ध जोडिएको छ । प्रथम श्रेणी का दश पारमिताका अङ्ग यीनै हुनः –
(१) दान (२) शील (३) निष्क्रम (४) प्रज्ञा (५) वीर्य (६) क्षान्ति (७ सत्य (८) अधिष्ठान (९) मैत्री तथा (१०) उपेक्षा ।

द्वितीय श्रेणी का दश उप पारमिताका दश अङ्गहरूः–

* नोटः – पाली भाषानुसार १ असंख्य = १ मा १४० शून्य थप्दा बन्ने संख्यालाई लिइएको छ ।

Downloaded from http://www.dhamma.digital

(१) दान उप पारमिता (२) शील उप पारमिता (३) निष्क्रम उप पारमिता (४) प्रज्ञा उप पारमिता (५) वीर्य उप पारमिता (६) क्षान्ति उप पारमिता (७) सत्य उप पारमिता (८) अधिष्ठान उप पारमिता (९) मैत्री उप पारमिता तथा (१०) उपेक्षा उप पारमिता ।

तृतीय श्रेणी का दश परमत्थ पारमिताका दश अङ्गहरूः–

(१) दान परमत्थ पारमिता (२) शील परमत्थ पारमिता (३) निष्क्रम परमत्थ पारमिता (४) प्रज्ञा परमत्थ पारमिता (५) वीर्य परमत्थ पारमिता (६) क्षान्ति परमत्थ पारमिता (७) सत्य परमत्थ पारमिता (८) अधिष्ठान परमत्थ पारमिता (९) मैत्री परमत्थ पारमिता तथा (१०) उपेक्षा परमत्थ पारमिता ।

परोपकारका लागि भौतिक श्री सम्पति राजपाट सम्म को मोहलाई हत्केलामा राखेर पारमिताका दशै अङ्गहरू पूरा गरिने कार्यलाई दश पारमिता (प्रारम्भिक अवस्थाको पारमिता) पूरा भएको मानिन्छ । यस अवस्थालाई पार गरेर भौतिक श्री सम्पति मात्रै होइन आफ्ना अङ्ग प्रत्यङ्ग सम्म बाजि लगाएर परोपकारको लागि गरिने दशैवटा उप पारमितालाई द्वितीय चरणको दश पारमिता मानिन्छ । यस द्वितीय चरणको अवस्थालाई पार गरेर आफ्ना अङ्ग प्रत्यङ्ग तथा श्री सम्पति मात्रै होइन आफ्नो प्राण सम्म हत्केलामा राखेर परोपकारका लागि गरिने दशै परमत्थ पारमितालाई तृतीय श्रेणी तथा चरम

Downloaded from http://www.dhamma.digital

सीमाको पारमिता मानिन्छ । यस्ता दश पारमिता; दश उप पारमिता तथा दश परमत्थ पारमिता पूरा गरि सके पछि मात्र सम्यक् सम्बुद्ध हुन्छ ।

हाम्रो नेपालको स्वयम्भू पुराणमा यस्तो उल्लेख भएको पाइन्छ ।

"शून्य शून्य, महाशून्य, निरञ्जन, निराकार भएको बखतमा एक ॐ कारको उत्पत्ति भयो । ॐ कारबाट पञ्चरश्मी निस्क्यो; पञ्चरश्मीबाट पञ्चवीजाक्षरको उत्पत्ति भयो । ती पञ्च वीजाक्षर हुन:-

ॐ, हुँ, त्राँ, ह्रिं तथा खँ ।

ॐ कार बाट वैलोचन

हुँ कार बाट अक्षोभ्य

त्राँकार बाट रत्नसंभव

ह्रिंकार बाट अमिताभ

खँकार बाट अमोघसिद्धि, उत्पन्न भएको मानिएको छ । तर सुत्रपिटक, विनय पिटक तथा अभिधर्म पिटक तीनै त्रिपिटकमा कहीं पनि ॐ कारको उल्लेख भएको देखिंदैन । शिवपुराणमा मात्र ॐ कारबाट ब्रह्मा, विष्णु र महेश्वरको सृष्टि गरेर संसारको सिर्जना गरिएको कुराको चर्चा पाइन्छ । थेरवादी शासन (नियम) अनुसार संसारको सिर्जना अविद्याबाट भएको मानिन्छ । अतः त्रिपिटकमा उल्लेख भए अनुसार प्रतित्यसमु-

Downloaded from http://www.dhamma.digital

त्पादको प्रमाणको आधारले ॐकार अविद्या सिद्ध हुन जान्छ । अविद्यालाई मानिरहेसम्म मोक्ष, निर्वाण कदापि हुन सक्नेछैन।

चीनका ताइसु संघराज बर्मा आउनु हुँदा बर्माका स्थविरहरूले गर्नु भएको छलफल र कुराकानीको सिलसिलामा तहाँ उपसम्पदा गर्ने कम्मवाचा विधि रहेन छ भन्ने प्रमाणित भयो । चीन, जापान, तिब्बत र नेपालमा उपसम्पदा अर्थात् भिक्षु हुने कम्मवाचा नियम छैन । महायानी मतमा र नेपाल मा श्रामणेर मात्रै छ । यही नियम अन्तरगत भारत र चीन मा बुद्ध धर्म प्रचलित भएको बखतमा तुर्क तथा मुसलमानहरू को हमला उत्तरी भारतमा भयो । तान्त्रिकहरूले मन्त्र तन्त्रका बलले मुसलमानहरूको आक्रमणलाई हटाउने प्रयत्न गरे । केही सिप चलेन र अन्तमा हार खानु पर्‍यो । मुसलमानहरूले बौद्ध भिक्षुहरूको हत्या गरे, बौद्ध मूर्तिहरू चकनाचूर पारिदिए; बौद्धहरूका असंख्य धन लूटे । तत्पश्चात दक्षिण भारतबाट शङ्कराचार्य आए । अनेकौं राजाहरूको सहायता लिएर उनले पनि बौद्धहरूलाई दुःख दिए; असंख्य असंख्य पुस्तकहरू आगो मा होमेर स्वाहा पारी दिए; अनेकौं भिक्षुहरूको हत्या गराएर समुद्रमा मिल्काउन लगाए । त्यसै बखत धेरै धेरै बौद्धहरू नेपाल, बर्मा, तिब्बत आदि विदेश तिर भागेर गए ।

अब हाम्रो अगाडि बौद्ध धर्मको वास्तविक रूप के हो त ? भन्ने प्रश्न आउँछ । वास्तवमा बौद्ध धर्मको वास्तविक

Downloaded from http://www.dhamma.digital

रूप ठह्र् निर्णय गर्न अतिनै मुश्किल छ । यसको लागि पालि भाषा, संस्कृत भाषा, प्राकृत भाषाको ज्ञान गरेर, नेपालको 'नव ग्रन्थ' ह्लासाको "कञ्जूर तञ्जूर" बर्मा र लङ्काका ८४ हजार पालि त्रिपिटक आदि धर्म ग्रन्थहरूको अध्ययन, मनन र चिन्तन गरे पछि बल्ल बुद्ध धर्मका शुद्ध तथा अशुद्ध रूप छुट्याउन सकिएला ।

अब हामीहरूले अर्थ न बुझिकन भन्ने गरेका केही वाक्यांशको संक्षेपमा रहस्य उद्घाटन गरौं ।

(१) काय विसोधने स्वाहा (२) वचन विसोधने स्वाहा

(३) मन विसोधने स्वाहा ।

[क] 'हिंसा न गर्नु; चोरी न गर्नु, व्यभिचार न गर्नु' भनेको नै '<u>काय विसोधने स्वाहा</u>' भनेको हो ।

[ख] 'झूठ न बोल्नु, निन्दा चुक्लि न गर्नु, पराइको चित्त न दुःखाउनु, धाक लगाएर गफी कुरा न गर्नु' भनेको नै "<u>वचन विसोधने स्वाहा</u>" भनेको हो ।

[ग] पराइको धनमा लोभ न गर्नु, द्वेष भाव न राख्नु, कर्म र कर्मको फलमा विश्वास गर्नु भनेको नै "<u>मन विसोधने स्वाहा</u>" भनेको हो । वास्तवमा यी, १० कर्मको पालन न गर्दा सम्मन् कुनै बौध्दहरू अकुशलबाट बच्न सक्तैनन् र मुक्तिको बाटो उनीहरूले पैल्याउन सक्ने छैनन् ।

Downloaded from http://www.dhamma.digital

[ क ]

* श्रीकारेन अद्वेज्ञवादि

[ ख ]

हेकारेन हेतु वर्जितम

[ ग ]

रूकारेन रूप नाशनम्

[ घ ]

ककारेन कर्म वर्जितम्

तस्मात् हेरूक महात्मेन भावयेत् ॥

उपरोक्त वाक्यांशहरूको अर्थ बुझ्न (१) अद्वेज्ञवादि (२) विभज्ञवादि दुई शद्बको जानकारी हुनु आवश्यक छ ।

[क] अद्वेज्ञवादिः – "निर्वाण तिर लाग्न दिइने उपदेश" हो

विभज्ञवादिः- रूप, वेदना, संज्ञा, संस्कार तथा विज्ञान यी पञ्चस्कन्धहरूको विश्लेषण हो ।

---

* नोटः – [ स्मरण रहोस् लेखक गृहस्थ अवस्थामा रहँदा ललितपुरको नाग बहाल बस्ने जुजुमान साहुको घरमा भएको दीक्षा समारोहमा लेखकले मूल दीक्षा लिएका थिए । ]

Downloaded from http://www.dhamma.digital

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| चक्षु | श्रोत | घ्राण | जिह्वा | काय | मन |
| ↓ | ↓ | ↓ | ↓ | ↓ | ↓ |
| रूप | शब्द | गन्ध | रस | स्पर्श | धर्म |
| *चक्षु विज्ञान* | *श्रोत विज्ञान* | *घ्राण वि.* | *जिह्वा वि.* | *काय वि.* | *मनो वि.* |

यी १८ धातुको विश्लेशण र व्याख्या पनि "विभज्ज वादि" हो। नाम, रूपलाई अनित्य, दुःख तथा अनात्माको रूपमा हेर्नु पनि विभज्जवादि हो। अट्ठकला र दसकलाको विश्लेशण र व्याख्या पनि "विभज्जवादि" हो; चतुर आर्य सत्य, अष्टाङ्गिक मार्ग तथा सप्ततिंसति बोधि पक्ष धर्मको विश्लेशण र व्याख्या पनि "विभज्जवादि" हो।

उपरोक्त मन्त्रमा 'हेरूक' सूत्रमा रहेको 'हे' को अर्थ "हेतु वर्जितम्"; दोश्रो अक्षर 'रू' को अर्थ "रूपनाशनम्" र तेश्रो अक्षर 'क' को अर्थ "कर्म वर्जितम्" हो भनिएको छ।

[ख] 'हेतुवर्जितम्' को अर्थ के हो ? अविद्या नै संकारको हेतु (कारण) भएकोले अविद्या नरहेमा संस्कारको निरोध हुन जानेछ। संस्कारबाट विज्ञानको जन्म हुने हुँदा संस्कार न भएमा विज्ञानको अभावमा 'नामरूप' को निरोध हुन जान्छ।

Downloaded from http://www.dhamma.digital

'नामरूप' नै 'षडायतन' को हेतु भएकोले 'नामरूप' को अभावमा 'षडायतन' को निरोध हुन्छ । "षडायतन" नै स्पर्श को हेतु भएकोले षडायतन विना स्पर्शको जन्म हुन सक्दैन। 'स्पर्श' विना 'वेदना' हुने छैन; 'वेदना' विना 'तृष्णा' हुने छैन; 'तृष्णा' विना उपादान हुने छैन; 'उपादान' विना 'भव' को अस्तित्व हुंदैन; 'भव' विना 'जाति' 'जन्म' हुँदैन, 'जाति' नभएमा 'जरा, व्याधि' रोग बुढौति र मृत्यु हुँदैन ।

[ग] "रूप नाशनम्" को अर्थ के हो ?

पृथ्वी धातु, जल धातु, अग्नि धातु, वायु धातु, ❀··· इत्यादि, २८ धातु† तथा रूपले बनेको शरीर नाशवान छ भनी बोध गर्नुलाई 'रूपनाशनम्' भनिएको छ ।

---

नोटः– †२८ रूपका नामः– २८ रूप मध्ये स्त्री जातिमा रहने इत्थिभावरूप र पुरुष जातिमा रहने पुम्भावरूप अन्य २६ धातु तथा रूप स्त्री तथा पुरुष जातिमा समान रहन्छ । ती २६ धातु तथा रूपका नामः–

(१) पृथ्वी (२) आपो (३) तेजो (४) वायु (५) चक्षुप्रसाद (६) श्रोत प्रसाद (७) घ्राण प्रसाद (८) जिह्वा प्रसाद (९) काय-प्रसाद (१०) वर्ण (११) शद्ब (१२) गन्ध (१३) रस (१४) हृदय वत्थु (१५) जीवितिन्द्रिय (१६) आहार (१७) परिच्छेद रूप (१८) कायविञ्ञत्ति (१९) वचीविञ्ञत्ति (२०) लहुता (२१) मुदुता (२२) कम्मञ्ञता (२३) उपचय (२४) सन्तति रूप (२५) जराता रूप तथा (२६) अनिच्चता रूप ।

Downloaded from http://www.dhamma.digital

(३) "कर्मवर्जितम्" को अर्थ के हो ?

लौकिक कुशल कर्म र अकुशल कर्मका विपाक र संस्कारलाई निर्मूल पार्नुलाई "कर्म वर्जितम्" भनिएको छ ।

यसप्रकारले उपरोक्त मन्त्रका अक्षर 'हेरूक' सूत्रको व्याख्या स्पष्ट खुल्न आउँछ ।

यसै सिलसिलामा प्रयोग हुने वाक्य 'चक्रसंवर' बारे पनि विचार गरि हालौं । 'चक्रसंवर' भन्नुको अर्थ संसार चक्र लाई रोक्नु हो ।

⊙कामभव, रूपभव, तथा अरूपभव यी तीनलोक अन्तरगत को ३१ (लोक) भुवनमा कहीं पनि जन्मलिनु न पर्ने उपाय र

---

नोटः- ⊙३१ भुवनको विस्तृत - कामभव -११, ४ दुर्गति- असूर, प्रेत, तिरच्छान, (पशु पंक्षी) निरय (नरक)।
७ सुगति- मनुस्स, चतुमहाराजिक, तावतिंस, यामा, तुसित, निम्मानरति, परनिम्मितवसवति ।

रूपभव- १६ रूप ब्रह्मलोक - ब्रह्मपारिसज्जा, ब्रह्मपुरोहित, महा ब्रह्मा, परित्ताभा, अप्पमाणभा, आभस्सरा, परित्तासुभा, अप्पमाणसुभा, सुभकिह्ना, वेहप्फल, असञ्ञसत्ता, अविहा, अतपा, सुदसा, सुदसि, अकनिट्ठ ।

अरूपभव - अरूप ब्रह्मलोक- आकासानंचायतन, विञ्ञानंचायतन, अकिंचञ्ञायतन, नेवसञ्ञानासञ्ञायतन ।

Downloaded from http://www.dhamma.digital

प्रज्ञालाई 'चक्रसंवर' भनिन्छ । ती ३१ लोकमा ४ दुर्गति लोक, ७ सुगति लोक, १६ रूपब्रह्म लोक, ४ अरूप ब्रह्मलोक लिइएकोछ ।

जेसुकै होस् लङ्कावतार सूत्रको प्रमाणको आधारबाट पनि 'चक्रसंवर' को अर्थलाई सार्थक बनाउन रक्सी, मासु र हिंसात. वर्जित हुनैपर्ने देखिन आउँछ । बुद्धधर्ममा अनेक विकृत मतहरू पनि समावेश हुंदै आएकोले हामीले आज नेपालमा चलाई आएको मत के हो ? कस्तो हो ? कहाँबाट विकृति आएको रहेछ मूल पत्ता लगाउनु आवश्यक देखिन्छ । यसको लागि 'महायान' र 'थेरवादि' धर्म दुवैको राम्रो विवेचना हुनु आवश्यक देखिन्छ । यस विषयमा धेरै विद्वानहरूले आफ्ना ग्रन्थहरूमा प्रकाश पारिराख्नु भएकोछ । ती मध्ये केही द्रष्टव्य ग्रन्थ तथा ग्रन्थकार यी हुन्ः–

| ग्रन्थकार – | द्रष्टव्य ग्रन्थ वा विषयवस्तुः |
|---|---|
| १ श्री राहुल सांकृत्यायन | बौद्धदर्शन, बुद्धचर्याको भूमिका तथा तत्व निबन्धावलि |
| २ श्री बलदेव उपाध्याय – | बौद्ध दर्शन |
| ३ ,, नरेन्द्रदेव आचार्य – | बौद्धधर्म दर्शन |
| ४ ,, भरत सिंह उपाध्याय- | बौद्ध दर्शन |
| ५ ,, धर्मरत्न यमि— | बौद्ध दर्शनको रूपरेखा |
| ६ ,, रघुनाथ सिंह – | बुद्ध कथाको भूमिका |

Downloaded from http://www.dhamma.digital

ह्राम्रा पुराना ग्रन्थहरूमा 'नेमपाराजिक' ग्रन्थ त हराइ नै सक्यो। उपलब्ध भएको 'मञ्जू श्री पाराजिक' ग्रन्थ छ। यस्मा चतुर वर्णलाई मान्यता दिइएको पाइन्छ। एवं प्रकारले ब्राह्मणहरूको शुद्धि गर्ने विधि; क्षेत्रीहरूको शुद्धिगर्ने विधि; वैश्यहरूको शुद्धिगर्ने विधि; तथा शूद्रहरूको शुद्धिगर्ने विधिहरूको विभिन्नता देखाई ग्रन्थहरू रचिएको देखिन्छ। तर बुद्ध धर्ममा जातिपातिका कुराहरू त्रिपिटकमा कतै पनि छैन। गौतम बुद्धले चारै वर्णका मानिसहरूलाई समान भावले हेर्नु भएर भिक्षु शासन (नियम) अन्तरगत भित्र्याउनु भएको थियो। कपिलवस्तु नगरको उपालि नाउँ भएको नाउलाई भिक्षु बनाएर बुद्ध शासन भित्र अपनाइएको थियो। अतः चूड़ाकर्म गर्दा सम्पूर्ण बौद्धमार्गी बौद्धहरूलाई चूडाकर्म गरेर बुद्ध शासन अन्तरगत लिन सकिन्छ। तर ह्राम्रो नेपालमा मात्र बन्देजु र गुरूजुको मात्र चूडाकर्म गरिन्छ। तुलाधर, मानन्धर, महर्जन, रञ्जितकार, नकर्मि, नाऊ आदिहरूलाई यस चूडाकर्मको अधिकारबाट वञ्चित गरिनु मुनासिबको कुरा होइन। किनकि जातिवर्ण भेद न गरी चूडाकर्म गरिएका अनेकौं कुरालाई इतिहासले प्रमाणित गर्दछ। जस्तै क्षेत्रीय राजाहरूका पालामा ललितपुरको उकुबहालमा एकजना क्षेत्रीय राजाको चूडाकर्म भएको देखिन्छ; बूबहालमा ब्राह्मणको चूडाकर्म भएको थियो; काबहालमा जोशीको चूडाकर्म भएको थियो; धुँबहाल र भिंचबहालमा नाऊ

Downloaded from http://www.dhamma.digital

को चूडाकर्म भएको थियो। ह्याकवैलिमा कौ को चूडाकर्म भएको थियो । यी सारा कुराहरू बहाल बहालमा भएका शीला लेखहरूबाट प्रमाणित हुन आउँछन् ।* यति मात्र होइन ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र चारै वर्णका जातिलाई गौतमबुद्धले भिक्षु शासन अन्तरगत प्रवेश दिनुभएका कुराहरू त्रिपिटकमा धेरै धेरै पाइन्छन् ।

मिथ्यादृष्टि वा अन्धविश्वासबाट प्रभावित भएर बुद्ध शासनको बाटो बिर्सेर नेपालमा मानिसहरू कहाँ कहाँ पुगेका छन् संक्षेपमा त्यस प्रति विचार गरौं । बृहत् स्वयम्भू पुराणमा दिउँसोको १२ बजे उपरान्त भोजन निषेध गरिएको छ। तर आज नेपालमा अष्टमी ब्रत लिंदा विकालमा भोजनगर्ने गरेको पाइन्छ, अतः यो ब्रत अशुद्ध ब्रत भएको छ ।

सप्त सहस्रीका, अष्ट सहस्रीका र प्रज्ञापारमिता केवल पाठगर्नलाई मात्र भएको छ। मोहको वशमा परेर प्रज्ञा पारमिताको वास्तविक लाभ उठाउन सकिएको छैन ।

नेपालमा उपसंपदा भिक्षुहुने 'कम्मवाचा' विधि न भएकोले यस कार्यका लागि लङ्का तथा बर्मा जानु पर्दछ र अद्यापि लङ्का, बर्मा गएर विनय मुताविक भिक्षु भै आउने चलन छ ।

---

* कान्तिपुर– इतुंबहालमा केशचन्द्र मल्ल नाउँ भएको ठकुरिलाई चूडाकर्म गरेको इतिहासमा पाइन्छ ।

Downloaded from http://www.dhamma.digital

पंचनिवरण – (१) कामछन्द (२) व्यापाद (३) थीनमिद्ध (४) उद्धच्च कुक्कुच्च तथा (५) विचिकिच्छा यी ५ चीजहरूको छेदन गर्नुपर्छ भनी गौतमबुद्धले भन्नुभएको थियो । यी पाँच पदार्थ के हुन् ? यिनको के महत्व छ ? यी सबको वास्तविक अर्थ न बुझेर मिथ्यादृष्टिको प्रभावमा परेर यी पाँच पदार्थको छेदनलाई पञ्चबलिको अर्थमा लिन थाले । पाँच चीजको बलि चढाउनेमा (१) कामछन्दलाई- भैंसी (२) व्यापादलाई- बोका (३) थीनमिद्धलाई- भेंड़ा (४) उद्धच्च कुक्कुच्चलाई- हाँस, र (५) विचिकिच्छालाई- कुखुराको बलि संझिन थालियो । वास्तवमा (१) कामछन्दको अर्थ कामराज (२) व्यापादको अर्थ द्वेष भाव (३) थीनमिद्धको अर्थ आलस्य (४) उद्धच्च कुक्कुच्चको अर्थ चञ्चल स्वभाव, पश्चाताप र (५) विचिकिच्छाको अर्थ सन्देह वा शङ्का हो । वास्तवमा गौतमबुद्धले (१) कामराज (२) द्वेष भाव (३) आलस्य (४) चञ्चल स्वभाव र पछुताउ तथा (५) शङ्का सन्देह यी ५ चीजहरूको निर्मूल गर्नुपर्छ भन्नुभएको हो । मिथ्यादृष्टिको प्रभावमा परेर, अन्धविश्वासमा परेर हामी पथभ्रष्ट भएर लक्ष्यबाट च्यूट भएकाछौं । अतः ज्ञानचक्षुले हेरेर मिथ्या र सम्यक्लाई छुट्याएर बुद्ध धर्मको शुद्धिकरण हाम्रो जीवनमा परम आवश्यकता भएकोछ ।

शुध्दिकरणको आधार र निर्देशक तत्व हाम्रो त्रिपिटक नै हो । *२८ बुध्दहरू मध्ये, दिपङ्कर बुध्द देखि गौतम बुध्द

Downloaded from http://www.dhamma.digital

२५ बुद्ध सम्मको प्रमाणिक इतिहास आजसम्म पनि त्रिपिटकमा अङ्कित छँदैछ ।

हाम्रो लक्ष्य के हो ? हाम्रो बाटो कुनहो ? हामी कहाँ छौं ? कता गइरहेका छौं ? हामीलाई सही बाटो देखाउने प्रकाश स्तम्भ कुनहो ? यी सारालाई ज्ञानचक्षुले हेरेर चिन्तन मनन गरेर मिथ्यादृष्टिबाट मुक्त भै अन्धविश्वास रहित जीवन आज हामी सबैको लागि एक महान आवश्यकता भैसकेकोछ ।

अस्तु

नोटः- २८ बुद्धहरूकानामः- (१) तण्हंकर बुद्ध (२) मेधंकर बुद्ध (३) सरणंकर बुद्ध (४) दीपंकर बुद्ध (५) कोण्डञ्ञ बुद्ध (६) मंगल बुद्ध (७) सुमन बुद्ध (८) रेवत बुद्ध (९) सोभित बुद्ध (१०) अनोमदस्सि बुद्ध (११) पदुम बुद्ध (२१) नारद बुद्ध (१३) पदुमुत्तर बुद्ध (१४ सुमेध बुद्ध (१५) सुजात बुद्ध (१६) प्रियदस्सि बुद्ध (७) अत्थदस्सि (१८) धम्मदस्सि (१६) सिद्धत्थ (२०) तिस्स (२१) फुस्स (२२) विपस्सी (२३) सिखी (२४) वेस्सम्भू (२५) ककुछन्द (२६) कनकमुनि (२७) काश्यप र (२८) गौतम बुद्ध ।

Downloaded from http://www.dhamma.digital